आज मिति २०८२ साल पौष ७ गते सोमवारका दिन विहान ८ वजेर ४५ मिनेटमा यस खुम्वु पासाङल्हामु गाँउपालिकाका उपाध्यक्ष श्री टासी ल्हमु शेर्पाज्यूको संयोजकत्वमा वसेको राजश्व परामर्श समितको वैठकको उपस्थित हस्ताक्षर एवं निर्णय ।

उपस्थित

संयोजक श्री टासील्हामु शेर्पा गाउँपालिका उपाध्यक्ष

सदस्य श्री नवराज गौतम प्रमुख प्रशासकीय अधिकृत

सदस्य श्री नुरु जाङवु शेर्पा वडा अध्यक्ष वडा नं ३ कार्यपालिका सदस्य

सदस्य श्री चेतनाथ कटेल लेखा अधिकृत

सदस्य सचिव श्री संगिता राई राजश्व शाखा

आमन्त्रीत

श्री मिङमा छिरी शेर्पा गाँउपालका अध्यक्ष

श्री पासाङ ग्याल्जेन शेर्पा वडा अध्यक्ष वडा नं ५ कार्यपालिका सदस्य

श्री लाक्पा ग्याल्जेन शेर्पा कार्यपालिका सदस्य

श्री लाक्पा छिरी शेर्पा कार्यपालिका सदस्य

श्री उमा वराइली कार्यपालिका सदस्य

श्री सुजन कुमार वुढाथोकी प्रशासकीय अधिकृत

श्री ठुलो कान्छा गोले कार्यालय सहयोगी

प्रस्तावहरु

१ साजश्व परामर्श समितको प्रतिवेदन सम्वन्धमा

२ विविध

निर्णय नं १ प्रस्ताव नं १ माथि धैरैवेर छलफल गर्दा यस गाउँपालिकावाट गठित राजश्व परामर्श समितवाट अध्ययन गरी तयार गरिएको स्थानिय राजस्व परामर्श समितिको प्रतिवेदन यस गाउँपालिकाको कार्यपालिकामा आवश्यक छलफलकका लागि पेश गर्ने निर्णय गरियो ।

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन

आ.व. २०८२/०८३

स्थानिय राजस्व परामर्श समिति
खुम्बु पासाङल्हामु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चौरीखर्क, सोलुखुम्बु

CamScanner

१. पृष्ठभूमी ......................................................................................
२. राजश्वको मौजुदा अवस्थाको विश्लेषण........................................................
३. करका आधारहरु.........................................................................
क. संवैधानिक व्यवस्था.......................................................................
ख. कानूनी व्यवस्था ..........................................................................
(१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४.........................................
(क) कर.........................................................................................
(ख) गैर कर–.....................................................................................
(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४–.................................................
४. आगामी आ.व. को लागि प्रस्तावित कर तथा गैर कर राजश्व दर..........
५. निष्कर्ष तथा सुझावहरु.............................................................

चेतनाथ कटेल
लेखा प्रमुख

## १. पृष्ठभूमी

खुम्बु पासाङल्हामु गाउँपालिकाको नामाकरण खुम्बु र पासाङल्हामु दुइ शब्दको संयोजनबाट भएको हो। खुम्बु शब्दले जिल्लाको सर्वोच्च भागलाई जनाउँदछ भने पासाङल्हामुले नेपालको पहिको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने महिला पर्वतारोहीलाई जनाउँदछ। विश्वको सर्वोच्च शिखर सगरमाथा (समुन्द्र सतहदेखि ८८४८.८६ मिटर) तथा साहसी नेपाली महिला पर्वतारोहीलाई समेट्ने गरी गाउँपालिकाको नामाकरण गरिएको हो। यस गाउँपालिकामा अवस्थित सगरमाथालाइ विश्वको तेस्रो ध्रुव समेत भनिन्छ। यस क्षेत्र विश्वकै अग्ला हिमालहरुको पदयात्रा तथा विभिन्न हिमश्रृङ्खलाहरुको मनमोहक दृश्यावलोकन गर्नको लागि प्रख्यात छ। लुक्ला विमानस्थल (तेञ्जिङ नोर्गे विमानस्थल) सगरमाथा क्षेत्र प्रवेश गर्ने प्रवेशद्वार समेत मानिन्छ। मुख्यतया शेर्पा जातीहरुको बसोवास रहेको यस गाउँपालिकामा मुख्य धर्मको रुपमा बौद्ध धर्मावलम्बिहरुको बाहुल्यता रहेको छ। यस क्षेत्रमा विभिन्न बौद्धविहारहरु रहेका छन्। साविकका चौरीखर्क, नाम्चे तथा खुमजुङ गा.वि.स.हरु साथै जुभिङ गाविसका वडा नं १, ५, ६ र ९ लाइ समेटेर यस गाउँपलिकाको निर्माण गरिएको छ। ५ वटा वडाहरु मिलेर बनेको यस गाउँपालिकाको केन्द्र चौरीखर्कमा रहेको छ भने वडा नं १ को केन्द्र खरिखोला, वडा नं २ को केन्द्र लुक्ला, वडा नं ३ को केन्द्र नाचिपाङ, वडा नं ४ को केन्द्र खुमजुङ तथा वडा नं ५ को केन्द्र नाम्चे रहेका छन्। कुल १५३९.११ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस गाउँपालिका क्षेत्रफलका आधारमा कोशी प्रदेशको दोस्रो ठुलो गाउँपालिका हो।

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह विचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढिकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको रुपमा हाम्रो गाउँपालिका क्रियाशील रहेको छ ।

नेपालको संविधान बमोजिम तर्जुमा भएको स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति र सो समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । सो ऐनमा व्यवस्था गरिएको काम, कर्तव्य र अधिकारको पालना गर्दै कार्यपालिकालाई आगामी आ.व. को राजश्व सम्बन्धी नीतिको तर्जुमा गर्न, राजश्वका स्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्न, कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धी परामर्श उपलब्ध गराउने सन्दर्भमा यस प्रतिवेदन तयार गरिएको छ ।

चेतनाथ कटेल
लेखा प्रमुख

Mingma Chhiri Sherpa
Chairperson

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

## . राजस्वको मौजुदा अवस्थाको विश्लेषण

आ व २०८२।०८३ मा आन्तरिक राजस्व संकलनको अवस्था देहाय बमोजिम छ ।

| क.स | राजस्व संकेत | राजस्व आधार शिर्षक ,मुल शिर्षक, शिर्षक तथा उपशिर्षक | आ.व २०८०।०८१ को यथार्थ आम्दानी | आ .व २०८१।०८२ को यथार्थ आम्दानी | आ .व २०८२।०८३ पुस २२ सम्मको यथार्थ आम्दानी |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ६८,७१९.०० | ११,८२,१२६.५० | ५,०५,१६५.४० |
| २ | ११३१४ | भुमिकर/मालपोत | ६,३४,९४९.२६ | ५,६३,४७८.७७ | ५,३०,८५६.११ |
| ३ | ११३१५ | घरजग्गा रजिष्टेशन दस्तुर | १,०००.०० | ११,३८,२२५.०० | ३,०७,४४४.८० |
| ४ | ११३१७ | वहाल कर | ४४,२४,५९१.६२ | ३८,३२,९८५.२० | ११,२५,७७३.५६ |
| ६ | ११४११ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६,१०,६३,२०९.२७ | ५,१७,७४,७६३.०३ | ३,१७,८६,२८४.८१ |
|  | ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ५२,६६,८४१.३६ | २,२३,५१,७२६.८६ | १,६५,०२,०१०.५६ |
| ७ | ११४५१ | सवारी साधन कर (साना सवारी) | २५,५००.०० | ०.०० | ०.०० |
| ८ | ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २५,२४,२८१.३५ | ८३,७०,००२.६९ | ६,९५,४७०.१० |
| ९ | ११४७९ | अन्य मनोरञ्जन कर | २०,०००.०० | २०,०००.०० | ०.०० |
| १० | ११६११ | व्यवसायले भुक्तानी गर्ने | २,२८,९४०.०० | ४,०००.०० | २२,१००.०० |
| ११ | ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने |  | ३,०००.०० | ४,४००.०० |
| १२ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १,०००.०० | १,२००.०० | ०.०० |
| १३ | ११६९१ | अन्य कर | १७,५२,८२२.०० | ४२,३७,४३१.४७ | ०.०० |
| १४ | १३३११ | समानिकरण अनुदान | ८,४१,८७,०००.०० | ८,३५,७६,८००.०० | ५,५६,१०,०००.०० |
| १५ | १३३१२ | शसर्त अनुदान चालु | १०,४४,०५,७५०.०० | १०,४०,४६,०००.०० | ५,२८,०५,०००.०० |
| १६ | १३३१३ | शसर्त अनुदान पुँजीगत | ८६,००,०००.०० | ७३,००,०००.०० | ६६,००,०००.०० |

चेतनाथ कटेल
लेखा प्रमुख

Mingma Chhiri Sherpa
Chairperson

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | १३३१५ | विशेष अनुदान पुंजीगत | ६२,९८,५४८.०० | ६७,९४,८९८.०० | ०.०० |
| १९ | १३३१७ | समपुरक अनुदान पुंजीगत | १,७७,५०,०००.०० | २,२७,५०,०००.०० | ४४,००,०००.०० |
| २० | १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ०.०० | ५,०२,१३,३२५.६३ | |
| २१ | १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | १,०९,१९,५११.०३ | ३,७४,९१,४७१.०७ | ०.०० |
| २२ | १४१५८ | बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | १२,६८,००,४७३.४४ | १०,८६,३९,२६२.५० | ०.०० |
| २३ | १४१९१ | पर्यटन शुल्क | ११,०३,४६,०००.०० | १५,५१,१८,०००.०० | ७,५३,८३,०००.०० |
| २४ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १,९८०.०० | ०.०० | ०.०० |
| २६ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ५,५१,०००.०० | ०.०० | ०.०० |
| २७ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ८,३२,०६८.५६ | ७,६०,७७०.०० | ४०,८००.०० |
| २८ | १४२२४ | परीक्षा शुल्क | १,५००.०० | २३,०००.०० | ४९,०००.०० |
| ३० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३,०००.०० | २२,८५०.०० | ७७,०००.०० |
| ३१ | १४२४१ | पार्किङ्ग शुल्क | | ०.०० | |
| ३२ | १४२४२ | नक्सापास दस्तुर | १,५७,७२९.४५ | १,५०,३६६.३८ | ९०,०९६.६७ |
| ३३ | १४२४३ | सिफारिश दस्तुर | ५,७१,७८६.६७ | ४,१६,८०३.०० | २,०७,९००.०० |
| ३४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,२५,८००.०० | १,०५,४००.०० | ४०,२००.०० |
| ३५ | १४२४५ | नाता प्रमाणित दस्तुर | ८५,२००.०० | १,१२,१००.०० | ४९,९००.०० |
| ३६ | १४२४९ | अन्य दस्तुर | १,३८,७६,९३३.५९ | ९,१८,८१४.९० | १,३९,८००.०० |
| ३७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २०,८९,२००.०० | २९,८९,६६०.०० | १८,९८,७७०.०० |
| ३८ | १४२६५ | अन्य क्षेत्रको आय | ८२,७६,६५१.०० | ०.०० | ३७,००,०००.०० |
| ३९ | १४३१३ | धरौटी सदरस्याहा | ०.०० | ०.०० | ०.०० |
| ४० | १४५२९ | अन्य राजस्व | १,०८,७३०.०० | १०,६८,२६४.०० | ५२,१२०.०० |
| ४१ | १४६११ | व्यवसाय कर | १,०८,७००.०० | ४,०५,०००.०० | १,८१,६५०.०० |

चेतनाथ कटेल
लेखा प्रमुख

Mingma Chhiri Sherpa
Chairperson

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४२ | १५१११ | बेरूजू | ४१,९१,७[illegible] | ३५,१०,७९५.०० | १४,५०,३०३.०० |
| ४५ | ३२१२२ | बैंक मौज्दात | ८४०४८९४५.३ | १९०५३८६४५.५ | ३७६९३८१२१.४२ |
| जम्मा | | | ६५९९८८८३८.८ | ८७०७९२४५९.६ | ६२८७३७९८५.३३ |

माथि उल्लेखित तालिकालाई विश्लेषण गर्दा देहाय अनुसारको समग्र तथा आन्तरीक श्रोत तर्फ गाउँपालिका तथा वडा कार्यालयको अवस्था देखिन्छ ।

| राजश्व शिर्षक | आ.व २०८०।०८१ को यथार्थ आम्दानी | आ .व २०८१।०८२ को यथार्थ आम्दानी | आ .व २०८२।०८३ पुस २२ सम्मको यथार्थ आम्दानी |
|---|---|---|---|
| गत वर्षको अल्या | ८४०४८९४५.३० | १९०५३८६४५.४६ | ३७६९३८१२१.४२ |
| आन्तरीक श्रोत | २३२१७३२२४.३७ | २२६०२०६६४.९४ | ८३०९३६५३.६४ |
| राजश्व वाडँफाढँ | २०६५७४३१६.४५ | २२९६६५४५१.१५ | ४९२९१२१०.२७ |
| अन्तरीक अनुदान | २०४९७९२९८ | २०७९३९६९८ | ११००४७००० |
| प्रदेश सरकार | १६२६२००० | १६५२८००० | ४७१५००० |

| | २०८२/०८३ पौष २२ सम्मको कुल आन्तरिक आम्दानी | |
|---|---|---|
| | राजश्व संकलन गर्ने कार्यालय अनुसार आ व | कूल जम्मा |
| १ | खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ८,१६,७१,०८४.६५ |
| २ | खुम्बु पासाङल्हामु गाउँपालिका,१ नं. वडा कार्यालय, सोलुखुम्बु | ४,४२,२४२.०५ |
| ३ | खुम्बु पासाङल्हामु गाउँपालिका,२ नं. वडा कार्यालय, सोलुखुम्बु | ६,९५,७९७.३८ |
| ४ | खुम्बु पासाङल्हामु गाउँपालिका,३ नं. वडा कार्यालय, सोलुखुम्बु | ११,५४,४१३.८४ |
| ५ | खुम्बु पासाङल्हामु गाउँपालिका,४ नं. वडा कार्यालय, सोलुखुम्बु | ११,९९,६८४.५८ |
| ६ | खुम्बु पासाङल्हामु गाउँपालिका,५ नं. वडा कार्यालय, सोलुखुम्बु | १३,३८,५६७.९३ |
| | जम्मा | ८,६५,०१,७९०.४३ |

चेतनाथ कटेल
लेखा प्रमुख

Mingma Chhiri Sherpa
Chairperson

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

३. करका आधारहरु

स्थानीय कर अधिकार सम्बन्धी व्यवस्थाहरु नै स्थानीय करका आधारहरु हुन् । स्थानीय करका सम्बन्धमा नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा विभिन्न व्यवस्थाहरु गरिएका छन् । ती व्यवस्थाहरु देहायानुसार छन् :

क. संवैधानिक व्यवस्था

- आर्थिक अधिकार बमोजिम स्थानीय तहले आफ्नो क्षेत्राधिकारका विषयमा आर्थिक कानून बनाउन सक्ने, धारा ५९
- कानून बमोजिम बाहेक स्थानीय तहले कर लगाउन र उठाउन नपाउने, धारा २२८
- स्थानीय तहले छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी कर लगाउनुपर्ने, धारा २२८
- स्थानीय तहले अनुसूची ८ को ४ नं. बुँदा बमोजिम देहायको कर लगाउने अधिकार हुने :
- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमिकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- मालपोत संकलन ।

चेतनाथ कटेल
लेखा प्रमुख

Mingma Chhiri Sherpa
Chairperson

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

ङ. कानूनी व्यवस्था

(१) <u>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४</u>

- स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची ३ मा उल्लिखित कर तथा गैर कर लगाउन र उठाउन सक्ने, दफा ३
- अनुसूचि-३ बमोजिम कर तथा गैर कर देहाय बमोजिम हुने :

(क) कर

- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- भूमि कर
- मनोरञ्जन कर
- विज्ञापन कर
- व्यवसाय कर

(ख) गैर कर

- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- दण्ड जरिवाना

(२) <u>स्थानीय सरकार सञ्चालन ऐन, २०७४</u>

- कानून बमोजिम बाहेक गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र कुनै कर लगाउन, उठाउन नपाउने, दफा ५४

- गाउँपालिका र नगरपालिकाले देहायका करहरु लगाउन पाउने व्यवस्था रहेको छ :
- सम्पत्ति कर, दफा ५५
- भूमिकर (मालपोत), दफा ५६
- घर जग्गा बहाल कर, दफा ५७
- व्यवसाय कर, दफा ५८
- बहाल बिटौरी शुल्क, दफा ५९

चेतनाथ कटेल
लेखा प्रमुख

Mingma Chhiri Sherpa
Chairperson

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

- पार्किङ्ग शुल्क, दफा ६०
- जडीबुटी, कवाडी र जीवजन्तु कर, दफा ६१
- सेवा शुल्क, दफा ६२

  ➢ प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण, संकलन तथा बाँडफाँट देहायानुसार रहेको छ, दफा ६४

- सवारी साधन करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने, तर गाउँपालिका वा नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्साको सवारी करको दर निर्धारण तथा संकलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्नेछ,
- घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सोको संकलन गाउँपालिका वा
- नगरपालिकाले गर्ने,
- विज्ञापन करको दर निर्धारण र संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- मनोरञ्जन करको दर र संकलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने र सोको संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- पदयात्रा तथा पर्यटन शुल्कको दर प्रदेशले निर्धारण र संकलन गर्ने, • उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्ग्राहलय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण र संकलन गर्ने,
- ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले संकलन गर्ने .

४ आगामी आ व ०८३/०८४ को लागि प्रस्तावित कर तथा गैर कर राजस्व दर

| सि न | शीर्षक | आ.व २०८३।०८४ को प्रस्तावित अनुमान |
|---|---|---|
| राजस्व : | | |
| १ | आन्तरिक राजस्व : | |
| १ | सम्पती कर | ३३०००००।०० |
| २ | भुमिकर/मालपोत | ६३६००१।३० |
| ३ | घरजग्गा रजिष्टेशन दस्तुर | १६५००००।०० |

चेतनाथ कटेल
लेखा प्रमुख

Mingma Chhiri Sherpa
Chairperson

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | ...ल कर | २८४६८००\|०० |
| | ...डफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ९७९३१४७४\|३० |
| | ...बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ३२६४३८२४\|४० |
| | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८८०००००\|०० |
| | अन्य मनोरञ्जन कर | ५५०००\|०० |
| | व्यवसायले भुक्तानी गर्ने | ०\|०० |
| ...१ | व्यवसाय वाहेक अन्यले भुक्तानी गर्ने | ३५२००\|०० |
| १२ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०\|०० |
| १३ | अन्य कर | ९९०००\|०० |
| १४ | समानिकरण अनुदान | १२२३४२०००\|०० |
| १५ | शसर्त अनुदान चालु | ११७३९२०००\|०० |
| १६ | शसर्त अनुदान पुँजीगत | १४५२००००\|०० |
| १७ | विषेश अनुदान पुँजीगत | ७५९००००\|०० |
| १८ | समपुरक अनुदान चालु | ११००००००\|०० |
| १९ | समपुरक अनुदान पुँजीगत | २४२०००००\|०० |
| २० | अन्य संस्थागत आन्तरिक अनुदान | ०\|०० |
| २१ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ४१२५००००\|०० |
| २२ | बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ११२७५००००\|०० |
| २३ | पर्यटन शुल्क | १७८७५००००\|०० |
| २७ | अन्य सेवा शुल्क तथा बिक्री | ६६००\|०० |

चेतनाथ कटेल
लेखा प्रमुख

Mingma Chhiri Sherpa
Chairperson

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | [शि]क्षा शुल्क | ११०००।०० |
| | [य]ातायात क्षेत्रको आम्दानी | ५५०००।०० |
| | [अ]न्य प्रशासनिक सेवा शुल्क | ६६००।०० |
| | [प]ार्किङ्ग शुल्क | १०००००।०० |
| | [न]वसापास दस्तुर | ५५००००।०० |
| | सिफारिश दस्तुर | ४४००००।०० |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | ९९०००।०० |
| | नाता प्रमाणित दस्तुर | ११००००।०० |
| [३]६ | अन्य दस्तुर | १००००।०० |
| [३]७ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २०००००।०० |
| [३]८ | अन्य क्षेत्रको आय | ४९७२००००।०० |
| ३९ | धरौटी सदरस्याहा | ११००००।०० |
| ४० | अन्य राजस्व | ६०५००।०० |
| ४१ | व्यवसाय कर | १६५००००।०० |
| ४२ | बेरूजू | ११००००।०० |
| ४५ | बैंक मौज्दात | १५००००००० .०० |
| | जम्मा | ९८१०३००००.०० |

## ५. निष्कर्ष तथा सुझावहरु

निष्कर्ष :

राजस्व संकलनमा मुख्यतया कर राजस्व र गैर राजस्व पर्दछन् । कर संकलन गर्दा स्थानीय तहले सबै प्रकारको कर लिन सक्दैनन् । नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार क्षेत्रभित्रको आर्थिक अधिकारको अधिनमा र संविधान बमोजिम तर्जुमा गरिएको स्थानीय सरकार संचालन ऐनद्वारा प्रदत्त आर्थिक अधिकारका आधारमा मात्र सालबसाली आर्थिक ऐन बनाई स्थानीय तहले कर लगाउने र उठाउने सक्दछन् । अतः उल्लिखित करका आधारहरुको उपयोग गर्दै

लेखा प्रमुख

Mingma Chhiri Sherpa
Chairperson

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

गाउंपालिकालाई आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करका दरहरु निर्धारण गर्नु आवश्यक देखिन्छ ।

सुधारका लागि केही सुझावहरु :

- सम्पत्ति कर व्यवसाय कर तथा व्यवसायीक वहाल कर लागू गर्ने र सूचना प्रविधिको प्रयोग गरी व्यवस्थित गर्न वडाका जन प्रतिनिधि वडा कार्यालयका कर्मचारी राजश्व शाखाका कर्मचारी तथा नगर प्रहरीहरु समेतलाइ शिविर तथा कार्यशाला गोष्ठीहरु सन्चालन गरी जनस्तरमा जनचेतना कार्यक्रमहरु सन्चालन गर्ने व्यवस्था मिलाउने ।
- कर्मचारीहरुलाई राजश्व परिचालन सम्बन्धी क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने
- कर संकलनलाई सेवा प्रवाहसँग आवद्ध गर्ने । वडा कार्यालयहरुको क्षमता विकास गर्ने ।
- राजस्व सुधार कार्ययोजना ( Revenue Enhancement Plan) तर्जुमा गरी लागू गर्ने । आम नागरिकलाई कर तिर्ने बानीको विकास गर्न पालिको समृद्धिका लागि करको महत्व विषयक सचेतनामूलक कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने ।
- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको आर्थिक अधिकारको अधिनमा रही गाउंपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सबै प्रकारका कर तथा गैर करको संभाव्यताको अध्ययन र विश्लेषण गरी क्रमश करको दायरा व्यापक बनाउँदै लैजाने
- यस गाउँपालिकावाट पालिका वाहिर निकासी हुने कवाडी जन्य सामान औषधीजन्य वनस्पती लगायतका वस्तुहरुको निकासी कर व्यवस्थित गर्न यस खुम्वु पासङल्हामु गाउँपालिका वडा नं १ सिथत खरिखोलामा निकासी कर लिने व्यवस्था मिलाउने ।
- सबै वडा कार्यालयमा बनाउने ।
- पूँजीको आधारमा वार्षिक व्यवसाय कर निर्धारण गर्ने ।
- राजश्व संकलनलाई प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी समितिलाई थप क्रियाशिल बनाउने ।
- राजश्व छलि र चुहावट नियन्त्रण गर्न नियमित अनुगमन गर्ने । आन्तरिक नियन्त्रण प्रणालीलाईथप सशक्त र प्रभावकारी बनाउने ।
- गाउँपालिका भित्रका ढुङ्गा, गिट्टी, वालुवा, दहत्तर बहत्तर लगायतको विक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरुलाई करको दायरामा ल्याउने । सोको लागि बोलपत्र आव्हान गर्ने ।

चेतनाथ कटेल
लेखा प्रमुख

Mingma Chhiri Sherpa
Chairperson

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

- पालिकाभित्र सञ्चालित सम्पूर्ण आर्थिक कारोबारहरूलाई करको दायरामा ल्याउने ।

संयोजक श्री टासील्हामु शेर्पा गाउँपालिका उपाध्यक्ष

सदस्य श्री नवराज गौतम प्रमुख प्रशासकीय अधिकृत

सदस्य श्री नुरु जाङबु शेर्पा वडा अध्यक्ष वडा नं ३ कार्यपालिका सदस्य

सदस्य श्री चेतनाथ कटेल लेखा अधिकृत

सदस्य सचिव श्री संगिता राइ राजश्व शाखा

आमन्त्रीत

श्री मिङमा छिरी शेर्पा गाँउपालका अध्यक्ष

श्री पासाङ ग्याल्जेन शेर्पा वडा अध्यक्ष वडा नं ५ कार्यपालिका सदस्य

श्री लाक्पा ग्याल्जेन शेर्पा कार्यपालिका सदस्य

श्री लाक्पा छिरी शेर्पा कार्यपालिका सदस्य

श्री उमा वराइली कार्यपालिका सदस्य

चेतनाथ कटेल
लेखा प्रमुख

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत